# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५) पाङग्रेटार, सिन्धुपाल्चोक, साउन २० गते, २०७८ साल (अतिरिक्ताङ्क ४(क)


## भाग २

### सुनकोशी गाउँपालिकाको

### आधारभूत अस्पताल संञ्चालन सम्बन्धी कार्यविधी २०७८

### सुनकोशी गाउँपालिका, पाङग्रेटार, सिन्धुपाल्चोक

**प्रस्तावना** : सर्वशुलभ गुणस्तरीय तथा विशेषज्ञीय स्वास्थ्य पहुँचमा आम सर्वसाधारणलाई जोड्ने, स्वास्थ्य तथा सरसफाईमा चेतना अभिवृद्धि तथा सुचना प्रवाह एवं स्थानीय स्तरमा स्वास्थ्य जनशक्तिको क्षमतालाई समयनुकुल बढाउँदै लाने र उत्पादनलाई समेत प्रोत्साहित गर्ने उदेश्यका साथ सुनकोशी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सम्बन्धी ऐन २०७४ एवं नियमावली २०७५ तथा स्थानीय सरकार

संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँनाले आधारभूत अस्पताल संचालन सम्बन्धी कार्यविधी २०७८ बनाएको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम "आधारभूत अस्पताल संचालन सम्बन्धी कार्यविधी २०७८" रहनेछ ।

२. यो कार्यविधी सुनकोशी गाउँपालिकाको गाउँकार्यपालिकाबाट स्विकृत भएको मितिदेखी प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "स्वास्थ्य संस्था" भन्नाले सुनकोशी गाउँपालिका मातहत संचालनमा रहेका संस्थाहरुलाई बुझ्नु पर्दछ ।

ख) "साझेदार संस्था" भन्नाले गैर नाफामूलक रुपमा दर्ता भएको साझेदार गर्न सकिने संस्थालाई सम्झनु पर्दछ ।

ग) "गाउँ कार्यपालिका" भन्नाले सुनकोशी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

## परिच्छेद : २
## स्तरोन्नती सम्बन्धी व्यवस्था

३. स्वास्थ्य संस्था स्तरोन्नती सम्बन्धमा (१) गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य चौकी /प्रा.स्वा.के. वा आधारभूत

स्वास्थ्य सेवा केन्द्रलाई गाउँपालिकाले अस्पतालको रुपमा स्तरोन्नती गर्न सक्नेछ ।

२.उपदफा (१) बमोजिम देहायका आधारमा स्तरोन्नती गर्न सकिनेछ ।

(क) गाउँकार्यपालिकाले आफ्नै श्रोत परिचालन मार्फत स्वास्थय संस्थालाई अस्पतालको रुपमा संञ्चालन गर्ने गरी स्तरोन्नतीको निर्णय लिन सक्नेछ ।

(ख) संघिय वा प्रदेश मातहत सञ्चालन गर्ने प्रस्ताव आएमा स्वास्थ्य संस्थालाई अस्पतालको रुपमा स्तरोन्नती गरी संञ्चालन गर्न सकिनेछ ।

(ग) गाउँपालिका सँग विभिन्न साझेदार संस्थाहरु मार्फत संयुक्त सञ्चालन गर्ने कुनै एक स्वास्थ्य संस्थालाई स्तरोन्नती गरी अस्पताल संचालन गर्न सकिनेछ । यस्तो प्रकृतिको साझेदारी दुवै पक्षको आपसी समझदारीमा समय निर्धारण गर्न सकिनेछ ।

## परिच्छेद : ३

## जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था :

१.१५ शैया सम्मको आधारभूत अस्पताल सञ्चालन गर्न नेपाल सरकारले तोकेको दरबन्दी मापदण्ड भित्र रही स्थायी वा करारमा जनशक्ति व्यवस्थापन गर्न सकिनेछ।

३.२. उपदफा १) बमोजिम जनशक्ति पदस्थापन करार सेवा मार्फत गर्दा सुनकोशी गाउँपालिका वा स्वयंम् अस्पताल संचालक समिति मार्फत गर्न सकिनेछ।

## परिच्छेद : ४
## साझेदारी सम्बन्धी व्यवस्था

४.४.शैया क्षमता सम्मको आधारभूत अस्पताल संचालन गर्दा परिच्छेद २ दफा (२) (ग) बमोजिम साझेदार संस्थाहरुसंग संयूक्त सहकार्य गर्दा देहाय बमोजिम रहनु पर्नेछ ।

क) साझेदार संस्था गैरनाफामूलक रहनु पर्नेछ ।

ख) साझेदार संस्था विशुद्ध स्वास्थ्य क्षेत्रमा काम गर्नेगरी दर्ता भएको हुनु पर्नेछ।

ग) अस्पताल संञ्चालन सम्बन्धी विज्ञता र अनुभव रहेको विशेषज्ञहरु सम्मिलित संस्था हुनु पर्नेछ।

घ) स्वयंम् सेवक संस्थाको रुपमा कार्य अनुभव र क्षमता भएको हुनु पर्नेछ।

२. दफा ५(१) अन्तर्गत संचालित अस्पतालको आन्तरिक संचालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी साझेदार संस्थालाई दिने गरी आधारभूत अस्पताल संचालन गर्न सक्नेछ ।

क) संयुक्त साझेदारीमा संचालन हुने आधारभूत अस्पतालमा तपशिल बमोजिम रहने गरी आधारभूत अस्पतालको संचालक समिति गठन गर्नेछ ।

१. गाउँकार्यपालिकाको वैठकबाट सामाजिक क्षेत्रमा कृयाशिल व्यक्तित्वबाट (जन प्रतिनिधी समेत रहन सक्ने ) मनोनित ३ जना - सदस्य

२. सम्बन्धित वडा बाट १ जना जनप्रतिनिधी - सदस्य

३. साझेदार संस्थाबाट मनोनित - ४ जना

- सदस्य

४. मेडिकल सुपरिटेन्डेन्ट - १ जना - सदस्य सचिव

५.२ (क) बमोजिम गठित संचालक समिति सदस्यहरुबाट चुनिएको - १ जना संयोजक

३. संचालक समितिको कार्यकाल ५ वर्षको रहनेछ ।

४. उपदफा २ क (१) बमोजिम बहालवाला जनप्रतिनिधी सदस्य मनोनित भएमा जनप्रतिनिधी नभएका अवस्थामा पनि कार्यकाल पूरा अवधी रहनेछ।

४. अस्पताल संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

क) अस्पतालको संचालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने

ख) अस्पताललाई आवश्यक बजेट परिचालन गर्ने।

ग) अस्पताललाई गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक निति तर्जुमा गर्दै कार्यन्वयन गर्ने।

घ) अस्पताललाई आवश्यक जनशक्ति करार सेवामा नियूक्ति प्रदान गर्ने।

ङ) अस्पतालको लेखा परिक्षण गर्ने/गराउने।

च) अस्पतालको सेवा/सुविधा विस्तार गर्न पहलकदमी लिने।

छ) थप पूर्वाधार निर्माणमा आवश्यक कोष सुनिश्चित गर्ने/गराउने।

ज) संघ/प्रदेशमा र स्थानीय सरकार संग साझेदारीमा कार्यक्रमहरु कार्यन्वयन गराउने।

झ) अस्पताल संचालन तथा व्यवस्थापनका लागि आवश्यक सवै प्रकारका योजना बनाउने तथा कार्यन्वयन गर्ने

## परिच्छेद : ५

## ६. कोष संचालन सम्बन्धी व्यवस्था

६) आधारभूत अस्पताल संचालन प्रयोजनका लागि छुट्टै कोष संचालन गर्न सकिनेछ । १) कोष संचालक समितिको अध्यक्ष र लेखा प्रमुखको संयूक्त दस्तखतबाट संचालनमा ल्याउन सकिनेछ ।

उपदफा ६(१) बमोजिम संचालनमा आउने कोषमा देहाय बमोजिमका रकम दाखिला हुनेछन ।

क) अस्पतालको आन्तरिक आम्दानी

ख) अस्पताललाई गाउँपालिकाबाट प्राप्त हुने अनुदान

ग) संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान

घ) विभिन्न दातृ संघ संस्थाबाट प्राप्त अनुदान

ङ) अस्पतालका नाममा प्राप्त हुने सवै प्रकारका अनुदानहरु

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।०४।१६**

**प्रमाणीत मिति : २०७८।०४। २०**

**आज्ञाले,**

**पूर्ण प्रसाद दुलाल**

**प्रमुख प्रशासकीय अधिकृत ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
गो.हु.द.नं. १६।२०६२।६३